प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# कृषि व्यवसाय प्रवर्द्धनका लागि युवा स्वयंसेवक तालिम तथा परिचालन कार्यविधि, २०७६

**प्रस्तावना:** प्रदेश नम्बर तीन मा उच्च जनघनत्व र बदलिँदो आर्थिक अवस्थासंगै कृषि उपजहरुको माग तिब्र रुपमा बढीरहेको छ । यसले गर्दा व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गरी बाली वस्तुको उत्पादन अभिवृद्धि गर्न सकिने प्रसस्त सम्भावना रहेको छ । तर हाल सरकारी तथा गैर-सरकारी क्षेत्रमा कार्यरत कृषि प्राविधिकहरुको संख्या न्यून रहेकोले कूल कृषक परिवारहरु मध्ये १८ प्रतिशत मात्र कृषि प्रसार सेवाबाट लाभान्वित भएको बिभिन्न अध्ययनहरुले देखाएको छ । अतः प्रदेशको कृषि व्यवसाय प्रवर्द्धनका अवसरहरुको उपयोग गर्न स्वयंसेवाको माध्यमबाट दक्ष युवाहरु परिचालन गरी कृषिको व्यवासायिकरण मार्फत सर्बसाधारण जनता तथा कृषकहरुको जीवनस्तर अभिवृद्धि गर्न प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधी स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"कृषि व्यवसाय प्रवर्द्धनका लागि युवा स्वयंसेवक तालिम तथा परिचालन कार्यविधि २०७६"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"एकिकृत मोडल कृषि फार्म"** भन्नाले मन्त्रालयको "एकिकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि,२०७६" अनुसार स्थापना र सञ्चालन हुने र भएका ठुला व्यवसायिक फार्महरुलाई सम्झनु पर्छ ।

(ख) **"कृषि व्यवसाय"** भन्नाले व्यवसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन, पशुपन्छी तथा मत्स्य पालन, दुग्ध उत्पादन तथा प्रशोधन, कृषिजन्य वस्तुको संकलन, बातानुकुलित भण्डारण वा प्रशोधन, कृषि उपजको व्यापार, कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक तथा प्राङ्गारिक मलको उत्पादन, भण्डारण र वितरण, कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नक्ष्न र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण र वितरण, कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय, कृषि उत्पादनका लागि आवश्यक सिंचाइ तथा उच्च प्रविधियुक्त खेतीका लागि आवश्यक यन्त्र उपकरण, सामग्री उत्पादन, बिक्री वितरण तथा मर्मत सम्भार जस्ता व्यवसायिक कार्यलाई सम्झनु पर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले मन्त्रालयको युवा स्वयंसेवक परिचालन सम्बन्धि स्वीकृत बार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(घ) **"कार्यान्वयन समिति"** भन्नाले दफा ६ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ड) **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा फार्म केन्द्रहरुलाई सम्झनु पर्छ।

(च) **"नमुना कृषि फार्म"** भन्नाले मन्त्रालयको "नमुना कृषि फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" अनुसार स्थापना र सञ्चालन हुने र भएका साना र मझौला व्यवसायिक फार्महरुलाई सम्झनु पर्छ ।

(छ) **"निर्देशक समिति"** भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ज) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर ३ सम्झनु पर्छ ।

(ञ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं.३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ट) **"युवा स्वयं सेवक"** भन्नाले स्वयं वा स्वस्फुर्त रुपमा सुबिधा लिई वा नलिई कृषि अभियान सञ्चालन कार्यमा उत्प्रेरित भै सहभागी हुने व्यक्ति, सरकारी वा निजि शैक्षिक संस्थाहरुले उपलब्ध गराउने इन्टर्न बिद्यार्थीहरु र यस कार्यविधि बमोजिम नियुक्ति पाई परिचालन हुने दक्ष युवा स्वयंसेवीलाई सम्झनु पर्छ।

(ठ) **"सामूहिक खेति"** भन्नाले मन्त्रालयको "सामूहिक खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" अनुसार स्थापना र सञ्चालन हुने र भएका सामूहिक खेतीलाई सम्झनु पर्छ ।

(ड) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) दक्ष र अर्धदक्ष बेरोजगार युवाहरुलाई मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार बिभिन्न कृषि बाली/बस्तुहरु तथा पशुपन्छीको उत्पादन, प्रशोधन, विविधिकरण, भण्डारण तथा बजारीकरण बारे तालिम प्रदान गरी कृषकहरुको शिप तथा क्षमता अभिवृद्धि गर्ने,

(ख) तालिम प्राप्त युवाहरुलाई मन्त्रालय र अन्तर्गतका निकायहरु मार्फत सञ्चालन हुने सामूहिक खेति, साना तथा मझौला नमुना कृषि फार्म, नमुना पशुपन्छी तथा मत्स्य फार्म, एकीकृत नमुना कृषि फार्म, कृषि/पशुपन्छी बिमा कार्यक्रम, कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम, कृषि ऋण कार्यक्रम, तथ्याङ्क संकलन लगायत अन्य अभियानमुखी कार्यक्रमहरु लागू भएको स्थलहरुमा पैरवी (Advocacy) साथै प्राविधिक सेवा प्रवाह गर्ने,

(ग) बेरोजगार युवाहरुलाई अल्पकालीन रोजगार प्रदान गरी आम कृषकहरुको कृषि प्रसार सेवामा पहुँच अभिवृद्धि गर्ने ।

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद- २
## संस्थागत व्यवस्था

४. **निर्देशक समितिको गठन**: (१) स्वयंसेवक प्राप्ति, शिप विकास र परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| विभागीय मन्त्री, मन्त्रालय | अध्यक्ष |
| मा. सदस्य (कृषि हेर्ने), नीति तथा योजना आयोग | सदस्य |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य-सचिव |

(२) निर्देशक समितिको बैठकमा आवश्यकतानुसार अन्य निकायका प्रतिनिधि तथा विषय विज्ञ आमन्त्रण गर्न सकिनेछ ।

(३) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ ।

(४) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) बैठक वापत नियमानुसार भत्ता, खाजा खर्चको व्यवस्था हुनेछ ।

(६) निर्देशक समितिले आवश्यक परेमा आफ्नो कार्यविधि आफै तयार गर्नेछ ।

५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार**: दफा ४ को उपदफा (१) बमोजीम गठित निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) कार्यविधि कार्यान्वयन सम्बन्धमा बाधा अड्काउ फुकाउने,
(ख) स्वयंसेवक प्राप्ति तथा परिचालन सम्बन्धि नीतिगत मार्ग निर्देशन प्रदान गर्ने,
(ग) स्वयंसेवकलाई प्रदान गरिने क्षमता अभिवृद्धि तालिम सम्बन्धि नीतिगत मार्ग निर्देशन प्रदान गर्ने,
(घ) स्वयंसेवक प्राप्ति, क्षमता अभिवृद्धि र परिचालन गर्न आवश्यक श्रोतको प्रवन्ध मिलाउने,
(ङ) स्वयंसेवकको दरबन्दी र स्वयंसेवकलाई दिइने निर्बाह भत्ता र अन्य सुविधाहरु निर्धारण गर्ने,
(च) कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने ।

६. **कार्यान्वयन समितिको गठन**: (१) कृषि व्यवसाय प्रवर्द्धनका लागि युवा स्वयंसेवक तालिम तथा परिचालनको व्यवस्थापकीय निर्णय गर्न देहाय बमोजिमको एक कार्यान्वयन समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख, कृषि विकास निर्देशनालय | अध्यक्ष |
| (ख) बरिष्ठ अधिकृत, मन्त्रालय | सदस्य |

(ग) बरिष्ठ अधिकृत/अधिकृत, पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय सदस्य
(घ) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय सदस्य
(ङ) बरिष्ठ बागबानी बिकास अधिकृत, निर्देशनालय सदस्य-सचिव

(२) कार्यान्वयन समितिको बैठकमा आवश्यकतानुसार अन्य निकायका प्रतिनिधि तथा विषय विज्ञ आमन्त्रण गर्न सकिनेछ ।

(३) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ ।

(४) कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) बैठक बापत नियमानुसार भत्ता, खाजा खर्चको व्यवस्था हुनेछ ।

(६) समितिले स्वयंसेवकको आवश्यक कार्य विवरण (TOR) तयार गर्नेछ ।

(७) कार्यन्वयन समितिले आवश्यक परेमा आफ्नो कार्यविधि आफै तयार गर्नेछ ।

७. <u>कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार:</u> (१) कृषि व्यवसाय प्रवर्द्धनका लागि युवा स्वयंसेवक तालिम तथा परिचालनको व्यवस्थापन कार्यलाई सहजीकरण गर्न कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) स्वयंसेवक परिचालनको क्षेत्र निर्धारण र स्वयंसेवक परिचालनको मोडालिटी तयार गर्ने,
(ख) स्वीकृत वार्षिक कार्यक्रम र स्वीकृत दरबन्दी अनुसार स्वयंसेवक परिचालन हुने कार्यालय, कार्यक्रम र कार्यक्षेत्रको निर्धारण गर्ने,
(ग) स्वयंसेवकको कार्यशर्त निर्धारण गरी स्वीकृत गर्ने,
(घ) स्वयंसेव छनौट, भर्ना, सूचीकरण सम्बन्धि आधारहरु तर्जुमा गरी स्वीकृतको लागि निर्देशक समितिमा पेश गर्ने,
(ङ) स्वयंसेवक प्राप्ति र परिचालनको लागि सार्वजनिक सूचना प्रवाह गर्ने,
(च) स्वयंसेवकहरुलाई दिने पुरस्कार र सम्मानबारे आवश्यक निर्णय गर्ने,
(छ) स्वयंसेवकहरुको कार्यको आवश्यक मूल्याङ्कन गरी म्याद थप गर्न निर्देशक समितिमा पेश गर्ने ।

## परिच्छेद- ३
## <u>कार्यक्रम सञ्चालन</u>

८. <u>स्वयंसेवकको संख्या निर्धारण:</u> कृषि व्यवसाय प्रवर्द्धनका लागि युवा स्वयंसेवक तालिम तथा परिचालन कार्यको लागि आवश्यक संख्या निर्धारण तथा सोको अन्तिम स्वीकृत निर्देशक समितिले गर्ने छ।

९. <u>स्वयंसेवकको आवेदन सम्वन्धि व्यवस्था:</u> दफा ८ मा स्वीकृत भएको संख्याको आधारमा निर्देशनालयले ३० दिनको अनुसूची -१ बमोजिमको सुचना प्रकाशन गरी ईच्छुक

स्वयंसेवकबाट आवेदन लिनेछ । यसरी आवेदन दिंदा स्वयंसेवकले अनुसूची -२ अनुसारको फारममा आफ्नो विवरण खुल्ने गरी केन्द्रमा पेश गर्नुपर्नेछ। स्वयंसेवकले एक भन्दा बढी तर बढीमा तीन जिल्ला रोजाईमा राख्न सक्नेछन र सो व्यहोरा फारममा उल्लेख गर्नुपर्नेछ ।

१०. <u>आवेदकहरुको सूचीकरण:</u> कृषि व्यवसायमा यूवा स्वयंसेवक परिचालन अन्तर्गत स्वयंसेवकको रुपमा काम गर्न ईच्छुक आवेदकहरुलाई सम्बन्धित जिल्लाको निर्वाचन क्षेत्र तथा स्थानीय तह र रोजाईको प्राथमिकिकरणको आधारमा सूचिकृत गरिनेछ।

११. <u>स्वयंसेवक हुने योग्यता:</u> कृषि व्यवसाय प्रवर्द्धनका लागि परिचालन गरिने युवा स्वयंसेवकहरुको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक हुनु पर्ने,

(ख) प्रदेश नं. ३ मा स्थायी बसोवास गरेको हुनु पर्ने,

(ग) न्यूनतम एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरेको हुनु पर्ने । कृषि/बाली विज्ञान तथा पशु विज्ञान विषयमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट जे टी/ जे टी ए उत्तिर्ण गरेकोलाई प्राथिमकता दिइनेछ ।

(घ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

(ङ) सम्भव भएसम्म सम्बन्धित जिल्लामा बसोवास गरेलाई सोही जिल्लाको लागि छनौट गरिनेछ।

१२. <u>स्वयंसेवक छनौटः</u> (१) दफा ११ बमोजीम योग्यता भएका स्वयंसेवकहरुको छनौट गोला प्रथाद्वारा गरिनेछ । यसरी गोला प्रथाद्वारा छनौट गर्दा जिल्लागत रुपमा गरिनेछ अर्थात कुनै जिल्लामा माग संख्या २ र सोही जिल्लाको लागि आवेदकको संख्या १० भएमा २ जनाको माग संख्या १० आवेदकवाट पूर्ण गरिनेछ। यदि कुनै आवेदकले एक भन्दा बढी जिल्लामा आवेदन पेश गरेको अवस्थामा पहिलो जिल्लाको लागि छनौट नभएका क्रमशः दोस्रो र तेस्रो जिल्लाको छनौटको लागि योग्य हुनेछ ।

(२) निर्देशनालयले आवेदन पेश गर्ने मिति समाप्त भएको मितिबाट १५औं दिनको दिन बिहान ठिक ११:०० बजे गोला प्रथाबाट स्वयंसेवकहरु छनौट गर्नेछ । यदि सो दिन सार्वजनिक विदा पर्न गएको खण्डमा भोलिपल्ट हुनेछ।

(३) उपदफा (१) बमोजिम छनौट हुने स्वयंसेवकहरुलाई निर्देशनालयको सिफारिसमा सम्बन्धित केन्द्रले नियुक्ति पत्र दिनेछ।

१३. <u>स्वयंसेवकहरुलाई तालिमको व्यवस्था:</u> (१) दफा १२ बमोजिम छनौट भएका स्वयंसेवकहरुलाई क्षमता विकासको लागि सात कार्य दिनको अभिमुखिकरण तालिम दिइने छ ।

(२) तालिमको विषयवस्तु र सञ्चालन मोडालिटी कार्यान्वयन समितिले निर्धारण गरे अनुसार हुनेछ ।

१४. <u>स्वयंसेवकलाई तालिम दिइने:</u> यस कार्यक्रम अन्तर्गत स्वयंसेवकहरुलाई कृषि तथा पशुपंक्षी/मत्स्य सम्बन्धी विषयहरुमा तालिम दिईनेछ ।

१५. <u>स्वयंसेवक परिचालनको क्षेत्र:</u> कृषि व्यवसाय प्रवर्द्धनका लागि युवा स्वयंसेवकहरुलाई मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायहरु मार्फत सञ्चालन हुने देहायका क्षेत्रहरुमा परिचालन गरिनेछः-

(क) एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार,
(ख) साना तथा मझौला नमुना कृषि फार्म विकास तथा विस्तार,
(ग) सामूहिक खेति विकास तथा विस्तार,
(घ) कृषि/पशुपन्छी बिमा कार्यक्रम तथा कृषि ऋण कार्यक्रममा सहजिकरण,
(ङ) कृषि कार्यक्रमहरुसँग सम्बन्धि विभिन्न तथ्याङ्क संकलन,
(च) मोडेल पशुपन्छी तथा मत्स्य फार्म,
(छ) केन्द्रहरु अन्तर्गतका विशेष कार्यक्रमहरु,
(ज) अन्य अभियानमुखी कार्यक्रमहरु ।

## परिच्छेद -४
## <u>सेवा शर्त र सुविधाहरु</u>

१६. <u>स्वयंसेवकहरुको सेवा शर्त:</u> (१) स्वयंसेवकको अधिकतम सेवा अवधि दुई बर्षको हुनेछ ।

(२) कार्यान्वयन समितिले कार्य प्रकृतिका आधारमा उपदफा (१) को अवधिमा नबढ्ने गरी निश्चित अवधिका लागि नियुक्त गर्न र म्याद थप गर्न सक्नेछ ।

१७. <u>स्वयंसेवकहरुलाई दिइने सेवा सुविधा:</u> (१) स्वयंसेवकलाई निर्देशक समितिले निर्धारण गरे बमोजिम मासिक निर्वाह भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

## परिच्छेद -५
## <u>विविध</u>

१८. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१९. <u>कारबाहीको व्यवस्था:</u> (१) सम्झौता अनुरुप काम नगर्ने स्वयंसेवकलाई कार्यालयले सुविधाहरु रोक्का गर्नेछ ।

२०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै कार्यविधि बमोजिम र नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -१

(दफा ९ सँग सम्बन्धित)

**कृषि व्यवसाय प्रवर्द्धनका लागि युवा स्वयंसेवक आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः

कृषि विकास निर्देशनालय, हेटौंडा, मकवानपुरको आ.व. ............. को स्वीकृत कृषि व्यवसाय प्रवर्द्धनका लागि युवा स्वयंसेवक तालिम तथा परिचालन कार्यक्रम सञ्चालनको लागि करार सेवामा स्वयंसेवक संख्या....(कृषि... र पशु....) आवश्यक भएकोले तपशिल योग्यता पुगेका नेपाली नागरिकबाट प्रथम पटक सूचना प्रकासित मितिले ३० दिनभित्र रितपूर्वक निर्देशनालय वा तोकिएको स्थानमा दरखास्त पेश गर्नुहुन सम्बन्धीत सबैमा आवहान गरिन्छ।

तपशिल

| | |
|---|---|
| विज्ञापन नं. | .................. |
| पद | स्वयंसेवक |
| सेवा | करार |
| संख्या | .....(कृषि... र पशु....) |
| शैक्षिक योग्यता | न्यूनतम एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरेको हुनु पर्ने । कृषि/बाली विज्ञान तथा पशु विज्ञान विषयमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट जे टी/ जे टी ए उत्तिर्ण गरेकोलाई प्राथिमकता दिइनेछ । |
| उमेर | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |

संलग्न गर्नुपर्ने कागजात

१. दरखास्त फारम सँगै न्यूनतम शैक्षिक योग्यताको लब्धांक पत्र एवं चारित्रीक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि १।१ प्रति,

२. नागरिकताको प्रमाणित प्रतिलिपि १ प्रति,

३. अनुसूची -२ अनुसारको निवेदकको व्यक्तिगत विवरणको ।

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२

(दफा ९ सँग सम्बन्धित)

**निवेदकको व्यक्तिगत विवरणको ढाँचा**

फोटो

१. निवेदकको पुरा नाम थरः ...............................

२. लिङ्गः पुरुष/महिला ...................

३. निवेदकको स्थायी ठेगानाः जिल्लाः ......गाउँपालिका/नगरपालिका ........ वडा नं.......स्थान .....

४. निवेदकको जन्म मितिः ......................

५. उमेरः ...........................

६. नागरिकता नं. ....................

७. नागरिकता जारी भएको जिल्लाः .......................

८. निवेदकको शैक्षिक योग्यता सम्बन्धी विवरणः

| क्र.सं. | शैक्षिक योग्यता | अध्ययन गरेको संस्थाको नाम, ठेगाना | अध्ययन समापन गरेको वर्ष | उत्तीर्ण गरेको श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

९. निवेदकको रोजगार तथा कृषि सम्बन्धी व्यवसायमा संलग्नताको कार्य अनुभव सम्बन्धी विवरणः ......................

१०. आवेदन दिन चाहेको जिल्ला(प्राथमिकिकरण गर्ने):

क। ............

ख। ...............

ग। ...............

निवेदनमा उल्लेख भएको विवरण सत्य छ, झुठो ठहरिएमा कानुन बमोजिम व्यहोर्नेछु ।

नामः

हस्ताक्षरः

| दायाँ | बाँया |
|---|---|
| | |